ऐन नं. ०८

# मुसिकोट नगरपालिका

## स्थानीय तहको विनियोजन ऐन, २०७४

कार्यपालिकाबाट स्वीकृत मिति :– २०७४/०४/२६

## मुसिकोट नगरपालिका, गुल्मी

# स्थानीय तहको विनियोजन ऐन , २०७४

**मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोष बाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः**

मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम मुसिकोट नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः** (१)यस ऐनको नाम " मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७४।०७५को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः**

(१)आर्थिकवर्ष २०७४।०७५ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४१५,०१४,८४७ (अक्षेरुपी एकचालिस करोड पचास लाख चौध हजार आठसय सतचालिस रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोष बाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७४।०७५ को निमित्त मुसिकोट नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसुचि १

**मुसिकोट नगरपालिका, गुल्मी**

**आर्थिक वर्ष २०७४/०७५ क्षेत्रगत वजेट विनियोजन**

**आय तर्फ :**

| | | |
|---|---|---|
| १ | राजस्व अनुमानित आम्दानी | १३,०८५,००० ।०० |
| २ | संधिय संरचना तथा पूर्वाधार विकास कार्यक्रम | ६,०७१,८७७ ।०० |
| ३ | सशर्त अनुदान | १५५,२२९,००० ।०० |
| ४ | शान्ती मन्त्रालयबाट प्राप्त हुने | १८,०००,००० ।०० |
| ५ | पश्चिम नेपाल ग्रामीण खानेपानी तथा स.स. परियोजना सशर्त | २०,६५५,००० ।०० |
| ६ | केन्दीय कृषि विकास कार्यक्रम अनुदान | ३,२००,००० ।०० |
| ७ | केन्दीय पशु विकास कार्यक्रम अनुदान | २,६३६,९७० ।०० |
| ८ | जिल्ला समन्वय समितिबाट सामाजिक परिचालन अनुदान | ७२६,००० ।०० |
| ९ | वित्तिय समानीकरण अनुदान | १९४,७७१,००० ।०० |
| | **कूल आम्दानी** | **४१४,३७४,८४७ ।००** |

**व्यय तर्फ**

| | | |
|---|---|---|
| १ | **आर्थिक विकास तर्फको वजेट** | **२२,७५३,००० ।००** |
| | **कृषि विकास** | **८,३४३,००० ।००** |
| | कृषि निशर्त : | ७,३८३,००० ।०० |
| | कृषि सशर्त : | ९६०,००० ।०० |
| | **पशुपंक्षि विकास** | **६,४९०,००० ।००** |
| | पशुपंक्षि निशर्त : | ५,३०७,००० ।०० |
| | पशुपंक्षि सशर्त : | १,१८३,००० ।०० |
| | **उद्योग, रोजगारी प्रवर्द्धन तथा सहकारी विकास** | **७,९२०,००० ।००** |
| २ | **सामाजिक विकास तर्फ वजेट** | **२१०,७७७,००० ।००** |

| | | |
|---|---|---|
| | **शिक्षा विकास** | **१६३,८०७,००० ।००** |
| | शिक्षा निशर्त : | ३,६५०,००० ।०० |
| | शिक्षा सशर्त : | १६०,१५७,००० ।०० |
| | **स्वास्थ्य सेवा** | **२०,९१९,००० ।००** |
| | स्वास्थ्य निशर्त : | १,९५०,००० ।०० |
| | स्वास्थ्य सशर्त : | १८,९६९,००० ।०० |
| | **पर्यटन तथा सस्कृत** | **१,६२०,००० ।००** |
| | **खेलकुद विकास** | **२,१००,००० ।००** |
| | **लैङ्गिक समानता तथा सामजिक समावेशीकरण** | **९५०,००० ।००** |
| | **खानेपानी, सरसफाई तथा स्वच्छता** | **२०,६५५,००० ।००** |
| | **सामाजिक परिचालन** | **७२६,००० ।००** |
| ३ | **पूर्वाधार विकास तर्फ वजेट** | **११२,३७०,००० ।००** |
| | **सडक तथा भौतिक पर्वाधार, बस्तिसुधार, घोडेटोबाटो विकास** | ७७,०७५,००० ।०० |
| | **खानेपानी तथा सरसफाई तथा ढलनिकास विकास** | २३,१६५,००० ।०० |
| | **सिंचाई विकास** | ७,१३०,००० ।०० |
| | **खेलमैदान निर्माण** | ४,८००,००० ।०० |
| | **जलविद्युत विकास** | २००,००० ।०० |
| | **वडा कार्यालय भवन निर्माण (शान्ति मन्त्रालयबाट)२,३,८,९** | १८,०००,००० ।०० |
| ४ | **वन वातावरण तथा विपत व्यवस्थापन तर्फ वजेट** | **८,४७०,००० ।००** |
| | **वन वातावरण** | ३,८००,००० ।०० |
| | **भु-संरक्षण तर्फ** | ४,३७०,००० ।०० |
| | **जनचेतनामूलक अभियान** | ३००,००० ।०० |
| ५ | **नगरपालिका सामाजिक उत्तरदायित्व संरक्षण कोष** | **४,०००,००० ।००** |
| | **विपद् व्यवस्थान कोष** | १,०००,००० ।०० |

| | | |
|---|---|---|
| | **स्वास्थय उपचार कोष** | ५००,००० ।०० |
| | **कृषि तथा पशु विमा कोष** | ५००,००० ।०० |
| | **मर्मत संभार कोष** | १,५००,००० ।०० |
| | **कर्मचारी कल्याण कोष** | ५००,००० ।०० |
| ५ | **सांर्वजनीक सेवा तथा क्षमता विकास** | **५६,६४४,८४७ ।००** |
| | **जम्मा** | **४१५,०१४,८४७ ।००** |

| | |
|---|---|
| प्रमाणिकरण मिति : २०७४/०४/३० | अतिरिक्ताङ्क ८ |

नेपालको संविधान २०७२ को धारा २२९ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर सभाले बनाएको देहाय वमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।